बैठक संख्या -८२

आज मिति २०८०।०६।२२ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री चमेली गुरुङज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चमेली गुरुङ | कार्यवाहक अध्यक्ष | |
| २ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ३ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ४ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ५ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ६ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ७ | श्री बुटी तामाङ | सदस्य | |
| ८ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| ९ | श्री शान्ती माया तामाङ | सदस्य | |
| १० | श्री पुतली विश्वकर्मा | सदस्य | |
| ११ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १२ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १३ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ८२ मितिः २०८०।०६।२२

निर्णयहरूः

१. विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गर्दै सेवा प्रवाहलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ।

२. वडा नं ४ अन्तर्गत श्री नवविजयी महेन्द्र माध्यमिक विद्यालयको भवन निर्माण भइरहेकोमा मुलगेट निर्माणका लागि जग्गा नपुग भएको सोको लागि विद्यालय व्यस्थापन समितिबाट माग भएबमोजिम जग्गा खरिदको लागि एकमुष्ट रु ५,००,०००/- अक्षरुपी पाँच लाख रुपैयाँ अनुदान स्वरुप विद्यालय खातामा निकासा दिन कार्यालयलाई निर्देशन दिने ।

३. यस गाउँपालिकाबाट श्री कालिका बहुउद्देशीय सहकारी संस्थालाई सञ्चालन गर्न दिइएको एम्बुलेन्स पुरानो भई सञ्चालनमा गत आर्थिक वर्षको शर्तमा सञ्चालन हुन नसक्ने भएको सन्दर्भमा एम्बुलेन्स चालकको आधारभूत तलब मासिक रु १८,०००/- अक्षरुपी अठार हजार रुपैयाँ गाउँपालिकाले ब्यहोर्ने र मर्मत सम्भार लगायतका सम्पूर्ण खर्च सहकारीले व्यहोर्ने र बाँकी मुनाफाको ५० प्रतिशत गाउँपालिकामा दाखिला गर्ने गरी सम्झौता गर्ने । चालक भत्ता त्रिशुली सम्मको रु ४००/- र काठमाडौं सम्मको रु ८००/- प्रतिटिप कायम गर्ने । साथै एम्बुलेन्स सञ्चालनको लागि तपशिलको भाडादर कायम गर्ने :

तपशिलः

| क्र.सं. | बाट | त्रिशुली | काठमाडौं |
|---|---|---|---|
| १ | बेत्रावती | १८००/- | ७५००/- |
| २ | माझगाउँ, बोगटीटार, बनुवा, छाप | २०००/- | ७५००/- |
| ३ | कर्मीडाँडा, ढुङ्गे, भलायडाँडा | २५००/- | ८०००/- |
| ४ | ठूलोगाउँ डाँडागाउँ | ३०००/- | ८५००/- |
| ५ | खड्कु सिरुचेत | ४०००/- | ९०००/- |
| ६ | मैलुङ सल्लेटार | ३०००/- | ८५००/- |
| ७ | गोगने करुमर्याङ | ५०००/- | १००००/- |
| ८ | तिरु | ५५००/- | १०५००/- |
| ९ | कालिकास्थान | २५००/- | ८०००/- |
| १० | धारापानी वेतिनि | २०००/- | ८०००/- |
| ११ | कटुन्जे | २३००/- | ८०००/- |
| १२ | भदौरे | ३३००/- | ९५००/- |
| १३ | धुसेनी रुप्सेपानी | ३८००/- | ९५००/- |

| | | | |
|---|---|---|---|
| | अम्बाबास | ३८००/- | ९५००/- |
| | भोर्ले | ४२००/- | १०५००/- |
| | जिवजिवे | ३३००/- | ९५००/- |
| | राम्चे/ ग्राङ | ४२००/- | १०५००/- |
| | धुन्चे | ६५००/- | १२५००/- |
| | सातदोबाटो / गोगने | ४२००/- | १०५००/- |
| | काउले | ४८००/- | ११५००/- |
| | त्रिशुली हस्पिटल | | ६५००/- |

४. यस गाउँपालिका अन्तर्गतका प्रहरी चौकीहरुलाई बडादशैं २०८० को अवसरमा हतियार पुजाको लागि तपशिलको रकम उपलब्ध गराउनेः

बेत्रावती प्रहरी चौकी रु २५०००/-

सल्लेटार प्रहरी चौकी रु १५०००/-

डाँडागाउँ प्रहरी चौकी रु १५०००/-

५. वडा नं ३ मा वडादशैंको अवसरमा हुने सांस्कृतिक कार्यक्रम तथा खेलकुद प्रतियोगिता सञ्चालनको लागि धार्मिक तथा सांस्कृतिक सहायता शिर्षकबाट रु १ लाख उपलब्ध गराउने ।

६. गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा सञ्चालित सूचना प्रविधिमा आधारित कक्षा सञ्चालन सहजीकरणका लागि एक जना सहजीकरण व्यक्ति राख्नको लागि क्रियटिभ एडुटेन्मेन्ट प्रा लि बाट मासिक रु २५०००/- र गाउँपालिकाको तर्फबाट मासिक रु ५०००/- तथा नियमानुसार इन्धन उपलब्ध गराई काममा लगाउने ।

७. यस आ व मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा तपशिलका कार्यक्रमहरु सञ्चालन गर्नेः

वडा नं. १ सडक तथा गोरेटोबाटो मर्मत

वडा नं २ गोरेटोबाटो तथा सडक मर्मत सम्भार

वडा नं ३ गोरेटोबाटो तथा सडक मर्मत सम्भार

वडा नं ४ मूख्य सडक तथा गोरेटोबाटो मर्मत सम्भार

वडा नं ५ गोरेटोबाटो तथा सडक मर्मत सम्भार

२०८०।०६।२२

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत